पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

☎ ४६४३३९ (Ext.109)
इमेलः puoemgt@puexam.edu.np

मेडिकल/प.सं./च.नं.

मितिः २०८०।०५।२९

**श्री क्याम्पस/ कलेज/ स्कूल प्रमुखज्यू,**
**B.Pharmacy/BPH/B.Sc.MLT अध्यापन गराउने सम्पूर्ण क्याम्पस/कलेज/स्कूलहरू**

**विषयः परीक्षा आवेदन फाराम भराई पठाई दिने बारे ।**

उपरोक्त सम्बन्धमा पूर्वाञ्चल विश्वविद्यालयद्वारा २०८० (सन् २०२३) सालमा सञ्चालन हुने **चिकित्साशास्त्र संकाय** अन्तर्गत **Bachelor in Pharmacy(B.Pharmacy)/Bachelor of Public Health (BPH)/B.Sc.MLT** शैक्षिक कार्यक्रमको **प्रथम सेमेस्टर, तेस्रो सेमेस्टर र पाँचौं सेमेस्टर आँशिक साथै सातौं सेमेस्टर नियमित/आँशिक तर्फका** त्यस क्याम्पस/कलेज/स्कूलका विद्यार्थीहरूलाई २०८०।०६।२९ गते सम्म **परीक्षा आवेदन फारम भराई मिति २०८०।०७।०१ गते नियमानुसारको परीक्षा शुल्क यस कार्यालयको नविल बैंक लि.मा रहेको खाता नम्बर 00710017518402 मा** जम्मा गरी सो को सक्कलै भौचर र **परीक्षा आवेदन फारम** मिति २०८०।०७।०३ गते सम्ममा पू.वि.परीक्षा व्यवस्थापन कार्यालय,विराटनगरमा उपलब्ध गराई दिनुहुन जानकारी गराइएको छ । तोकिएको म्याद भित्र परीक्षा आवेदन फारम भर्न छुट भएका विद्यार्थीहरुलाई तपसिल बमोजिमको **विलम्ब शुल्क** सहित परीक्षा आवेदन फाराम भराई पू.वि. परीक्षा व्यवस्थापन कार्यालय विराटनगरमा पठाउनु पर्नेछ । त्यसपछि प्राप्त भएका परीक्षा आवेदन फारम उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराउदै सम्बन्धित परीक्षार्थीहरुलाई भराउनु पर्ने परीक्षा आवेदन फारम थान .... यसै पत्रसाथ संलग्न गरी पठाइएको छ ।

***परीक्षा आवेदन फारम भराउँदा तपसिल बमोजिमको निर्देशनहरु अनिवार्य रुपमा पालन गर्न/गराउन अनुरोध छ ।***

**तपसिल**

१.परीक्षा आवेदन फारम पठाउदा शैक्षिक सत्र (**Batch**) अनुसार, अंग्रेजीको बर्णानुक्रमअनुसार Ascending order मा फारम मिलाई विषयगत विवरण फारम तयार गरी फाईलिङ्ग गरी पठाउनु पर्ने छ ।
२.परीक्षा आवेदन फारममा रहेको तीन वटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फारममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
३.परीक्षा आवेदन फारममा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरु समेत स्पष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । प्रयोगात्मक विषयमा मात्र अनुतिर्ण विद्यार्थीले समेत अनिवार्य रुपमा परीक्षा आवेदन फारम भर्नुपर्नेछ ।
४.कुनै परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फारममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रतिविषय रू ५००।- लाग्नेछ ।
**५.परीक्षा शुल्क देहाय बमोजिम हुने छ-**

| विवरण | शुल्क |
|---|---|
| १. आंशिक (प्रथम सेमेस्टर २०२१ समूह देखि ) | रू २,०००।०० |
| २.आंशिक १ विषय (२०१९ समूह सम्म) | रू ५,००।०० |
| ३.आंशिक २ विषय (२०१९ समूह सम्म) | रू ८,००।०० |
| ४ आंशिक २ भन्दा बढि विषय (२०१९ समूह सम्म) | रू १,१००।०० |
| ५.विलम्ब शुल्क (तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र थप) | रू १,०००।०० |
| ६.विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म) | रू २,०००।०० |
| ७.विलम्ब शुल्क (परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म) | रू ३,०००।०० |
| ८.सम्बन्धन शुल्क BPH सातौं सेमेस्टर (प्रति विद्यार्थी प्रति वर्ष) | रू ६,०००।०० |
| ९.सम्बन्धन शुल्क B.Pharmacy सातौं सेमेस्टर (प्रति विद्यार्थी प्रति वर्ष) | रू ७,०००।०० |

*नोटःकुरियर मार्फत परीक्षा फारमहरू नपठाउनु होला ।*

-----------------------
परीक्षा नियन्त्रक